थलारा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूले थलारा गाउँपालिकाको गाउँ सभालाई गर्नुभएको सम्वोधन

आर्थिक वर्ष २०८३/०८४ को

नीति तथा कार्यक्रम

**थलारा गाउँपालिका**

**खोली, बझाङ**

**सुदूरपश्चिम, नेपाल**

**२०८३ जेठ २८**

## कृषि, शिक्षा, पर्यटन र पूर्वाधार
## थलाराको गाउँपालिकाको समृद्धिको आधार

**यस गरिमामय गाउँसभाका सदस्यहरु,**

थलारा गाउँपालिकाको सत्रौं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा खुसी लागेको छ । सर्वप्रथम नेपालमा राजनैतिक परिवर्तन तथा सङ्घीय लोकतन्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्न चाहन्छु ।

वर्तमान नेपालको संविधानले संघीय शासन व्यवस्थालाई आत्मसाथ गरे संगै ३ तहका सरकारको परिकल्पना अनुसार स्थापित स्थानीय तहलाई संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विभिन्न अधिकारहरु प्राप्त भएका छन । उल्लिखित अधिकार क्षेत्रको अभ्यास गर्दै आम नागरिकको नजिकको अभिभावक को रुपमा रही नागरिकको आवश्यकता र चाहना बमोजिम आफ्ना कामकारबाहीहरु सञ्चालन गर्दै आम नागरिकमा सुशासनको प्रत्याभुति गर्दै नजिकको अभिभावकत्व दिलाउने दायित्व स्थानीय तहको रहन्छ।
थलारा आफैमा बिशिष्ट पहिचान बोकेको महत्वपुर्ण धार्मिक पर्यटकीय क्षेत्र खप्तड राष्ट्रिय निकुन्ज अनुपम कोशेली लिएर बाँचिरहेको प्रकृतिको जैविक विविधताका साथै सुन्दर रमणिय फाँटहरु साईपाल हिमालको हिमश्रृंखलाको कोखबाट बगिरहेको सेती नदीको तट्सँग जोडिएको, प्राकृतिक स्रोत साधनले भरीपुर्ण संभाव्यता बोकेको क्षेत्र हो । उपलब्ध उल्लेखित स्रोत साधनहरुको पहिचान गरी उपयोग र प्रयोग गर्न सके पालिका आर्थिक समुन्नतिको मार्गमा अगाढी बढ्ने सम्भावना बोकेको छ।

गाउँपालिका स्थापना भएको नवौं बर्षमा आइपुग्दा थलारा गाउँपालिका भित्र केही महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन्। सबै वडामा सडक यातायत सञ्जाल, खानेपानी, सिचाइ, सञ्चार, विद्युत, कृषि, शैक्षिक पूर्वाधार र स्वास्थ्य सेवाका क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल हासिल भएको छ। यथापी कतिपय टोलमा राष्ट्रिय विद्युत लाइन विस्तार गर्न अझै बाँकी रहेको छ। पर्यटन पूर्वाधार निर्माणको कार्य निरन्तर रुपमा अगाडी बढिरहेकै छ।

शिक्षा स्वास्थ्य, कृषि, उद्यम जस्ता क्षेत्रमा जे जस्ता उपलब्धी हासिल भएपनि अझै थप प्रभावकारी बनाउन हाम्रो निरन्तर प्रयास जारी नै रहने छ। सिपमूलक तालिमको माध्यमबाट रोजगारी सिर्जना गर्ने उद्देश्य अनुरुप सबै वडामा नयाँ उद्यमी तयार गरी व्यवसायिक उद्यमी बनाउने काम भएको छ।

१० सैयाको आधारभूत अस्पताल निर्माणका लागि जग्गा प्राप्ति र विस्तृत परियोजना प्रतिवेदन तयार भइसको छ भने पूर्वाधार निर्माणको कार्य अगाढी बढाउन स्रोत सुनिश्चितताका लागि संघीय सरकारको स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरिएको छ।

औद्योगिक ग्राम निर्माणको कार्य अगाडी बढाउन स्रोत सुनिश्चितताका लागि संघीय सरकार वा प्रदेश सरकारसँग बजेट माग गरी निर्माणको कार्य अगाडी बढाइनेछ।

विद्यालयहरुको घेरबार निर्माण अधिकांश विद्यालयहरुमा सम्पन्न भएको छ भने बाँकी रहेका विद्यालयमा यस आर्थिक बर्ष भित्र सम्पन्न हुने विश्वास लिएको छु।

थलारा गाउँपालिका

जनता सामु जाहेर गरेका प्रतिवद्धताहरु पुरा गर्ने र पालिकाको आवश्यकता र दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध थलारा र सुखी थलारा बासीको लक्ष्य हासिल गर्न बहुतह तथा बहुपक्षिय समन्वय र सहकार्यका माध्यमबाट विकास गरिनेछ।

उपलब्ध अवसर तथा चुनौती दुबैका माझबाट अगाडी बढ्दै सबल पक्षको सुदृढीकरण तथा चुनौतीलाई अवसरको रुपमा लिई उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गरी थलारा बासीले गर्व र अपनत्व बोध गर्न सक्ने अवस्था र व्यवस्थाको विकास र उपलब्धी हासिल हुने दिशातिर हाम्रा नीति तथा कार्यक्रमहरु अभिमुख हुने कुरामा हामी विश्वस्त छौ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

**थलारा गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका आधारहरु लिइएको छः–**

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको एकल तथा साझा अधिकारका बिषयहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रम, कानून तथा मापदण्डहरु,
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, दीगो विकासका लक्ष्य प्राप्तिका लागि राज्यले जाहेर गरेका प्रतिवद्धताहरु,
- हामीले निर्वाचनको क्रममा जनतासामु व्यक्त गरिएका प्रतिबद्धताहरु,
- विगतका आर्थिक वर्षहरुमा थलारा गाउँपालिकाले लिएका नीति कार्यक्रम तथा योजनाहरु, बस्ती स्तरबाट आएका सुझावहरु,
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ तथा दिदी बहिनीहरुले विभिन्न माध्यमबाट दिनु भएका सल्लाह तथा सुझावहरु
- उपलब्ध स्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु
- संघ र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक नीतिहरु,

लगायत नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा सरोकारवालाहरुबाट आएका राय, सुझाव र सल्लाहलाई प्रस्तावित नीति तथा कार्यक्रमका महत्वपूर्ण आधारका रुपमा ग्रहण गरिएको छ।

थलारा गाउँपालिका

**गाउँसभा सदस्यहरु,**

अब म थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम यस सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास

### १.शिक्षा

1. पछिल्लो समय सामुदायिक विद्यालयहरुमा घटिरहेको विद्यार्थी सङ्ख्या चिन्ताको बिषय बनिरहेको छ। यसरी हाम्रा दुर्गम स्थानका सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या घट्नुको कारण बारे आवश्यक अध्ययन बिश्लेषण गरी रणनीतिक योजना तयार गरिनेछ। सामुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वासको वातावरण अभिवृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ।
2. लक्ष्मी मा.वि, त्रिभुवन मा.वि, शान्ति मा.वि र पूर्णचन्द्रोदय मा.वि. का विद्यालय भवन यसैवर्ष पूर्ण गरी थप जीर्णरहेका विद्यालय भवनको निर्माण कार्यलाई प्राथमिकताका साथ निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
3. थलारा गाउँपालिकाको इच्छा, प्रविधिमैत्री शिक्षा कार्यक्रमलाई जोड दिदै विद्यालयहरुमा स्मार्ट बोर्ड, ICT Lab तथा कम्प्युटर जस्ता शैक्षिक पूर्वाधार विस्तार गर्दैलगिनेछ।
4. यसै आर्थिक वर्षमा एक आधारभुत विद्यालय र एक माद्यमिक विद्यालयलाई रुपमा पालिकाको नमूना विद्यालयको विकास गरिनेछ।
5. शिक्षकहरुको हाजिरीलाई केन्द्रिकृत ई-हाजिरी प्रणालीमा जडान गरी पालिकाबाट निगरानी गर्ने कार्यको थालनी गरी यसै वर्ष पूर्ण रुपमा लागु  गरिनेछ।
6. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना र आधारभूत तहसम्म अनिवार्य शिक्षाको पहुँच सुनिश्चितता गरिनेछ ।
7. स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता, प्रोत्साहन र सहयोग गरिनेछ।
8. टुहुरा वालकालिकालाई निःशुल्क पठन पाठनको व्यवस्था गरी पालिकाले अभिभावकत्व ग्रहण गर्ने नीतिलाई थप विस्तार गरी प्रभावकारी बनाईने छ । साथै आमा बुवा  विहिन SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने दुई जना विद्यार्थी(एक छात्र/एक छात्रा)लाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
9. सामुदायीक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थी सिकाई कार्यक्रमलाई निरन्तरता दिइनेछ।
10. सबै सामुदायिक विद्यालयका सिकाई क्रियाकलापमा समानता तथा एकरुपता कायम गर्न बार्षिक शैक्षिक क्यालेण्डर प्रकाशित गरी लागु गरिने छ ।
11. महिनावारीका कारण विद्यालयमा अनुपस्थित रहने अवस्थालाई निरुत्साहित गर्न सामुदायिक विद्यालयहरुमा सेनिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईने छ । साथै सेनिटरी प्याड डिस्पोजल मेसिनको समेत व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

थलारा गाउँपालिका

12. एक विद्यालय एक बगैचा कार्यक्रमलाई निरन्तरता दिई क्रमशः कार्यान्वयन गरिदै लगिने छ ।

13. शिक्षकहरूको क्षमता विकास र वृत्ति विकासका लागि विभिन्न पेशागत तथा पुनर्ताजगी तालिमको व्यवस्था गरी शैक्षिक गुणस्तरमा सुधारको नीति अवलम्बन गरिने छ ।

14. सरकारी सेवामा कार्यरत रहेका शिक्षक, कर्मचारी तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले आफ्ना छोराछोरीहरुको भर्ना अनिवार्य रुपमा सामुदायीक विद्यालयमा गर्ने नीति अवलम्बन गरिनेछ।

15. सामुदायिक विद्यालयमा कम्तिमा ६-१० अध्ययन गरी SEE परीक्षामा उत्कृष्ट नतिजा (A+) ल्याउने विद्यार्थी र सम्बन्धित विद्यालयलाई नगद पुरस्कार सहित सम्मान तथा प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

16. स्थानीय पाठ्यक्रम कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन आवश्यक सन्दर्भ सामाग्रीहरुको निर्माण तथा संकलन गरी प्रत्येक विद्यालयमा यसै आर्थिक वर्ष भित्र उपलब्ध गराइने ब्यवस्था मिलाइने छ ।

17. विद्यालय कर्मचारीहरुको कार्यबोझ, हालसम्म गरेको काम तथा पाईरहेको पारिश्रमिक समेतलाई मध्येनजर गर्दै कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्था मिलाइनेछ ।

18. किशोर किशोरी छात्र छात्राहरुमा देखापर्ने शारिरीक, मानसिक र संवेगात्मक समस्यालाई मध्यनजर गर्दै स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा अन्य संघ संस्थासंगको सहकार्यमा विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइ संचालन गरिने छ ।

19. कक्षा ५ र ८ को बार्षिक परीक्षालाई पालिकास्तरीय बनाईने तथा कक्षा ४-९ को परीक्षा प्रणालीलाई एकरुपता कायम गरिनेछ ।

20. भुकम्प, हावाहुरी, आगलागी लगायतको प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त विद्यालयको पुनःनिर्माणको कार्यलाई संघीय तथा प्रदेश सरकारसंगको सहकार्यमा अगाडी बढाईनेछ ।

## २. युवा तथा खेलकुद

**१.** युवा जनशक्तिलाई उद्यममा संलग्न गराई स्वरोजगार एवम् आत्मनिर्भर बनाउन उद्यमशिलतामा युवालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

**२**. युवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न प्रथम अध्यक्ष कप कार्यक्रमको थालनी गरिनेछ।

३. युवाहरुलाई लागु पदार्थ दुर्व्यसनी तथा कुलतबाट बचाउन युवाक्लवहरु परिचालन गरी लागु औषध सेवन तथा दुर्व्यसन विरुद्धका जनचेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिने छ ।

**३.** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप, वडास्तरिय खेलकुद प्रतियोगिता जस्ता खेलकुद प्रतियोगिताहरु मार्फत खेलाडी उत्पादनको प्लेटफर्म निर्माण गरिनेछ।

**४**.राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरुलाई प्रोत्साहन एव पुरस्कृत गरिने छ ।

थलारा गाउँपालिका

**५.** स्थानीय रोजगार संवाद मंञ्चलाई सक्रिय बनाई स्थानीय तहमा रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गरी आन्तरिक रोजगारीलाई प्रोत्साहन गरिनेछ ।

## ३.स्वास्थ्य

१ गाउँपालिकामा १५ सैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य नीति अनुसार आधारभुत अस्पताल निर्माणका लागि आबश्यक पहल गरिने छ । साथै भुकम्पबाट पूर्णक्षति भएको मालुमेला स्वास्थ्य चौकीको भवन निर्माण कार्यको थालनी यसै आर्थिक वर्ष देखि सुरु गरिनेछ।

२. जेष्ठ नागरिकहरुको स्वास्थ्य लाई बिशेष प्राथमिकता दिनईने छ  र जेष्ठ नागरिकलाई घर घरमा गई स्वास्थ्य परिक्षण गर्नका लागि मासिक रुपमा संचालन गरिदै आएको जेष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा कार्यक्रम लाई थप प्रभावकारी बनाई संचालन गरिने छ ।

३. बालबालिका,किशोर किशोरी गर्भवति र सुत्केरी महिलाहरुको  पोषण अवस्था सुधारका लागि  बिद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धन सहित पोषण सुरक्षा कार्यक्रम लागु गरिने छ र बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

४. सुनौला १००० दिन भित्रका बच्चाहरु तथा आमाको पोषण अवस्थालाई सुधारगर्न  बालबालिकालाई कुपोषण बाट बचाउन पोषण सम्बन्धि बिबिध सचेतानामूलक कार्यक्रम गरिने छ । स्वास्थ्य आमा समुहको मासिक बैठकमा स्वास्थ्यकर्मिहरुको अनिवार्य उपस्थिति गराई पोषण सम्बन्धि छलफल गराई तरकारी लगायत हरिया सागपात उत्पादनमा जोड  दिन कृषिबिकास शाखा संग सहकार्य गरि कार्यक्रमहरु संचालन गरने छ  र पोषणमैत्री स्वास्थ्य संस्था,पोषणमैत्री वडा र पालिका घोषणका लागि आबश्यक सुचकहरु हाँसिल गर्न समुदायस्तरमा पोषण कार्यक्रम संचालन गरिने छ।

५. हाल समुदायमा रोगको भारमा बढदै गएको नसर्ने रोगहरुको नियमित परिक्षण तथा रोकथामका गर्न जीवनशैलीका लागि जनचेतनाका कार्यक्रम संञ्चालन गरिने छ । लागु औषध दुर्ब्यवसनि  र मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको समयमै पहिचान गरि परामर्स र उपचार सेवा पाउने ब्यस्था मिलाईने छ । शरिरलाई स्वस्थ र सक्रिय बनाई रोगहरु लाग्नबाट बच्न योगशिक्षालाई बढवा दिनुका साथै स्वस्थकर जीवन शैली अपनाउने स्वस्थकर खाना खाने बारे  जनचेतना अभियान संचालन गरिने छ ।

६. मातृ तथा बाल मृत्यदर न्यूनीकरण गर्नका लागि संस्थागत प्रसुती लाई प्रोत्साहन गरि घरमा हुने प्रसुतीलाई सून्य बनाउन बर्थिङसेन्टरहरु लाई थप सुदृढ गरिदै लगिनेछ र यसका साथै पालिका अन्तर्गतका बर्थिङसेन्टर बाट गर्तवती, प्रसुती र सुत्केरी अवस्थामा जटीलता भई नजिकको CEONC सेन्टर सम्म प्रेषण गर्नुपरेमा सेवा ग्राहीलाई निःशुल्क एम्बुलेन्स उपलब्ध गराईने छ । गर्भवती र सुत्केरी महिलाहरु लाई  Calcium र Ferrous sulphate  Folic Acid  खरिद गरि निःशुल्क उपलब्ध गराईने छ । नियमित खोप सेवा सुदृढीकरण गर्दै खोप कार्यक्रमलाई दिगोपना, सुनिश्चतता र पूर्ण खोप वडा र पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम सेबिकाहरुको भूमिकालाई उच्च मुल्यांकन गर्दै खोप,गाउँघर क्लिनिक,स्वास्थ्य आमासमुहको नियमित बैठक लगायतका कार्यक्रममा सक्रियता बढाउन प्रोत्साहन भत्ता लाई निरन्तरता दिईनेछ।

९. पालिकामा रहेका स्वास्थ्य संस्थहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुबाट निःशुल्क बितरण गरिने औषधि खरिद गरि आबश्यक मात्रामा आपूर्ति ब्यवस्था मिलाईने छ। स्वास्थ्य संस्था र बर्थिङसेन्टरहरुमा चाहिने आबश्यक औजार उपकरणहरु खरिद गरि आबश्यकता अनुसार बितरण गरिनेछ।

१०.स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिबेदन लाई सुस्त र दुरुस्त बनाउन प्रत्येक महिनाको अन्तिमतिर स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मि र सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिकाहरुको नियमित बैठक र स्वास्थ्य संस्था प्रमुखहरुको स्वास्थ्य शाखामा महिनाको १० गते भित्र माशिक बैठक बसि अभिलेख तथा प्रतिबेदन सम्बन्धि छलफल गरिनेछ। पालिकामा रहेका १० बटै स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवा उपलब्ध गराईने छ।

११.क्षयरोग मुक्त पालिका अभियानका कार्यक्रमका साथै कुष्ठरोग, मलेरिया, कलाजार, डेङगु र स्क्रब टाईफस लगायतका सरुवा रोगहरुको रोगथाम र नियन्त्रणका लागि RRT परिचालनका साथै आबश्यक कार्यक्रमहरु संचालन गरिने छ। पालिकामा रहेका माईक्रोस्कोपि सेन्टरहरुको गुणस्तर सुधारका लागि आबश्यक सामाग्रीहरु उपलब्ध गराईने छ।

**१२.** नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समयमै पहिचान गरी परामर्श र उपचार सेवा पाउने व्यवस्था मिलाईने छ।

**१३.** आयुर्वेदिक उपचार पद्धतिको सेवा विस्तारका लागि प्रत्येक वडामा मासिक घुम्ति क्लिनिक संचालन गरिनेछ।

**४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

1. लैङ्गिक विभद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
2. बिपन्न तथा पछाडि परेका महिलाहरुलाई महिला विकास कार्यक्रम मार्फत समुह र समितिमा आबद्ध गराईने छ। महिलाहरुलाई सिपमुलुक तालिम र नेतृत्व बिकासमा क्षमता अभिबृद्धि ग र्दै सामाजिक र आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागी बिभिन्न क्षमता बिकास तालिमहरु र टेवा सहितको आयमूलक तालिम सञ्चालन गरि महिला उद्यमशिलता प्रबर्धन कार्यमा गर्न जोड दिईने छ।
3. महिला तथा दलित विरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय सहितको समतामुलक समाज निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
4. ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन, भन्ने मान्यतालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकको ज्ञान, सिप तथा अनुभवको पुस्तान्तरण एवम् आत्मसम्मानका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन।

5. आर्थिक अवस्था कमजोर भएका, हिसा प्रभाबित, अपांगता भएका ब्यक्ति र सामाजिक आर्थिक रुपमा पछाडि परेका वर्गका महिला र लैगिक तथा यौनिक अल्पसख्यक समुदायका ब्यक्तिहरुको आर्थिक सशक्तिकरण, उद्यमशिलता विकास तथा सिप बिकास तालिम संचालन गरी स्थानिय स्तरमा रोजगारिमा संलग्न गराईनेछ।
6. बालक्लब मार्फत लागु औषधि दुर्व्यसनि बिरुद्ध विद्यालय केन्द्रित अभियान संचालन गरिने छ। साथै लैंगिक हिसा, बालअधिकार हनन्, बालश्रम जस्ता कानुनी अपराधको न्युनिकरणको लागि अनुगमन कार्यलाई तिब्रता दिदैं निरोधात्मक तथा उपचारात्मक कार्यक्रम संचालन गरिनेछ।
7. लैङ्गिक हिंसाबाट प्रभावित भएका व्यक्तिहरुका लागि उद्दार, राहात, मनोसामाजिक परामर्श जस्ता कार्यहरुमा निरन्तरता दिइनेछ।
8. दलित समुदायको परम्परागत ज्ञान, सिप र पेशाको आधुनिकीकरण गरी जिविकोपार्जनमा सुधार गरिनेछ। जातीय परम्परामा आधारित ज्ञान, सिप, प्रविधि र पेशालाई आधुनिकीकरण गर्दै उद्योगका रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ।
9. समुदाय स्तरमा रहेका विभिन्न प्रकारका सामुदायिक सस्था एवंम् समुहहरुलाई एकिकृत गरी लैंगिक हिसा बालबिबाह र हानिकार अभ्यासहरुको न्युनिकरणका लागि पुरुष परिचालनको अवधारणा प्रयोग गर्दै छाउपडि प्रथा तथा छुवाछुत जस्ता सामाजिक बिकृति र यस सम्बन्धमा भएका बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी व्यवस्था बारे सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ। साथै हिसा बिरूद्ध शुन्य सहनशिलताको नीति लिईनेछ।
10. नेपाल सरकारले तोके बमोजिम दिंइदै आएको सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज र पहुँचयोग्य बनाउन बैंकसँगको समन्वयमा प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण शिविर संचालनलाई निरन्तरता दिइनेछ।
11. अपाङ्ग भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरी आवश्यकता अनुसार सहयोगी सामाग्री वितरण गरिनेछ।
12. वडा तथा पालिकास्तरिय बालक्लवका सदस्यहरुलाई जिवन उपयोगी सिप तथा किशोरिहरुका लागि आत्मरक्षा तालिमहरु सञ्चलान गरिनेछ।
13. जनप्रतिनिधी र वडा सचिव तथा शाखा प्रमुखहरुका लागि नागरिकता सिफारिस र सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमूखिकरण कार्यक्रम संचलान गरिने छ।
14. आ. ब. २०८३/०८४ सम्म सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको पहिचान तथा नविकरणलाई पारदर्शिता तथा भत्ता बितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय नम्बरको माध्यमबाट तथा बायोमेट्रिक भेरिफिकेसनको माध्यमबाट मात्र भुक्तानी हुने व्यवस्था गराईने छ।
15. समयमै घटना दर्ता गरौं, राज्यको सुविधा सुरक्षित गरौं।" भन्ने मूल नारालाई आत्मसाथ गर्दै नागरिकको कर्तव्य पुरा गर्ने नागरिकलाई प्रोत्साहन र सम्मान कार्यक्रम गाउँपालिकाको प्रत्येक वडामा सञ्चालन गर्ने ।

घलारा गाउँपालिका

## ५.खानेपानी तथा सरसफाई

१. खानेपानीको सहज पहुँच पुग्न नसकेका वस्तीका सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारका आयोजनाहरुलाई निरन्तरता दिइनेछ।

**२.** खानेपानी उपभोक्ता समिति दर्ता कार्यलाई निरन्तरता दिई जलाधार संरक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

**३.** संचालित खानेपानी योजनाको दिगोपनाको लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपण, मर्मत सम्भार, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यला◌्इ प्राथमिकताका साथ अगाडी बढाईने छ ।

**४.** गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा अभिलेख व्यवस्थित गरिनेछ ।

**५.** खानेपानी आयोजनाहरुको निर्माण गर्दा एक घर एक धारा को नीति अनुरुप निर्माण गरिनेछ।

**६.** मुख्य बजार क्षेत्र तथा मानिसको भिडभाँड हुने सार्वजनिक स्थानमा फोहोर कन्टेनर राखी फोहोर व्यवस्थापन कार्य अगाडी बढाईन छ।

**७.** फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। विभिन्न स्थानहरुमा फोहोर व्यवस्थापन तथा सरसफाई क्षेत्रको आवश्यकता पहिचान गरी फोहोरमैलालाई उचित व्यवस्थापनका गर्दै सार्वजनिक शौचालय निर्माण कार्यमा जोड दिइनेछ।

**८.** खानेपानी मुहान संरक्षण तथा पुर्नभरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

## <u>आर्थिक विकास</u>

### १.**कृषि तथा पशुपंक्षी**

1. यस गाउँपालिकाको समृद्धिको मूख्य आधार र प्रमुख पेशा नै कृषि भएको हुँदा कृषि पेशामा युवा जनशक्तिको आकर्षण बढाई व्यवसायिक कृषि प्रणालीको विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
2. कृषि क्षेत्रको अभिलेखलाई प्रविधिकरण गर्न किसान सुचीकरण कार्यक्रम मार्फत सुचीकृत गरी कृषि सम्बन्धी एकिकृत तथ्यांकको संकलन गरी किसानको पहिचान तथा वर्गिकरण गरी किसान परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।
3. रैथाने तथा लोपोन्मुख बालीलाई सुचिकृत गरी रैथाने बाली संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धन गरिनेछ ।
4. कृषि ऋण सहजै उपलब्ध गराउनका लागि गाउँपालिका भित्र रहेका बैंक, सहकारीसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।
5. हावापानी तथा भौगोलिक अवस्थिति सुहाउँदो फलफलु पकेट क्षेत्र तोकी सुन्तला, कागती, दाते ओखर, स्याउ, किवी, आप, केरा, लिची जस्ता फलफुलको क्षेत्र विस्तार कार्यलाई निरन्तरता दिइनेछ।
6. कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रको व्यावसायिकरण, यन्त्रिकरण तथा आधुनिकीकरणमा जोड दिईनेछ । यसका लागि किसानहरुलाई लागत सहभागितामा आधुनिक कृषि औजार तथा उपकरणहरु अनुदानमा वितरण गर्दै लगिनेछ।

छथर गाउँपालिका

7. दलहन र तरकारी बालीको उत्पादनमा वृद्धि गरी स्थानीय स्तरमै बजारको सुनिश्चितता गर्न कृषि सहकारी, समुह, फर्म र किसानहरुसँगको सहकार्यमा विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत पालिकालाई आवश्यक हुने दलहन र तरकारी बाली स्थानीय उत्पादनलाई मात्र उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

8. साविकमा दर्ता भएका कृषक समुह, फर्महरुलाई स्थायी लेखा नम्बर दर्ता तथा स्थानीय तहमा बार्षिक रुपमा नवीकरण गर्न कार्यलाई कडाइका साथ लागु गरी निष्कृय रहेका समुह तथा फर्महरुलाई खारेजको प्रक्रिया सुरु गरिनेछ।

9. स्थानीय नदी खोलामा जथाभावी विषादी, करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई निरुत्साहित गरीकानून बमोजिम कार्वाहीको प्रक्रिया अगाडी बढाइनेछ।

10. कृषि उत्पादनलाई मुख्य सडकसम्म ढुवानीको व्यवस्था मिलाई बजारिकरणमा सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

11. सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई सुविधा विस्तारका लागि सिचाइ नहर, पोखरी, पाइप सिचाई जस्ता सिचाई पूर्वाधारको निर्माण तथा मर्मतसम्भार कार्यलाई निरन्तरता दिइनेछ।

12. कृषि पेशालाई मर्यादित तथा आयआर्जन पेशाको रुपमा स्थापित गर्न युवाहरुले सञ्चालन गरेका नमुना कृषि तथा पशु फर्महरुलाई आवश्यक अनुदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

13. गाउँपालिका भित्र उत्पादित कृषि उपजको बजारीकरण गर्न गाउँपालिकाको लोगो सहितको प्याकिङको व्यवस्था गर्न आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिने छ ।

14. कृषकहरुको खेतबारीसम्म कृषि प्राविधिक कार्यक्रम लागु गरिनेछ।

15. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गर्दै कृषि तर्फ युवाहरुलाई प्रोत्साहन गरी हावापानी तथा भुगोल अनुसार उत्पादनमा कार्यमा जोड दिइनेछ।

16. पशुपालन व्यवसायलाई व्यवसायिककरण गर्दै पशुजन्य उत्पादनमा पालिकालाई क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ ।

17. बाँदर, बदेल लगायतका जङ्गली जनावरको क्षतिको कारणबाट कृषि तथा पशु व्यवसायमा हुनेहानी नोक्सानी न्यूनीकरण गर्नका लागि कृषि र पशुबीमामा आकर्षण गर्न बीमाको प्रिमियममा लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

18. पशुहरुमा देखिने महामारी तथा आकस्मिक रोगहरुका कारण पशुधनमा ठुलो क्षति व्यहोरी रहनु परेको अवस्थालाई मध्यनजर गरी पशु विमा कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याईने छ ।

19. पशुजन्य उत्पादन वृद्धि तथा पशु नश्ल सुधारको लागि ए.आई.मिसन कार्यक्रम सञ्चालन गरिने छ ।

20. पशुपालनलाई व्यवसायिक तथा रोजगारमूलक पेशाका रुपमा विकास गरी मासु उत्पादनमा अभिवृद्धि गर्न यसै आर्थिक बर्षमा बाख्रा बिशेष पकेट घोषणा गरी कार्यक्रम संचालन गरिनेछ।

21. महामारी लगायत पशुहरुमा देखिने रोगहरुको उपचारका लागि पशु स्वास्थ्य प्राविधिकहरुलाई कृषकको घरगोठ तथा कृषि फर्महरुमै गई सेवा प्रदान गर्न टोल टोलमा पशु प्राविधिक नीति अवलम्बन गरिनेछ ।

22. पशुहरुमा देखापर्ने महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको उपचारका लागि निःशुल्क र पर्याप्त औषधीको व्यवस्था गरिनेछ ।
23. मासुमा र अण्डामा आत्मनिर्भर बनाउने उद्धेश्यले व्यवसायिक रुपमा पशुपालन कार्यक्रमलाई थप विस्तार गरिने छ। ।
24. गाउँपालिकाबाट अनुदान पाएका कृषकहरुसँग किसान सम्वाद रेडियो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## २.पर्यटन प्रवर्द्धन र धर्म सँस्कृति

**"पर्यटनमा लगानी, सम्वृद्धिको बिहानी"**

1. पर्यटन पर्वद्धनका लागि छडीभेल झरना, देवल भगवती मन्दिर, मालिका, खापरदह, माइकाथान, मालुमेला शिवालय धाम लगायतका प्रमुख पर्यटकीय स्थलमा आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढाउन आवश्यक पूर्वाधार निर्माणका साथै प्रचारप्रसारका कार्यक्रम अगाढी बढाइनेछ ।
2. थलारा गाउँपालिका अन्तर्गत रहेका धार्मिक साँस्कृतिक महत्व बोकेका मठमन्दिर, पाटी पौवा तथा धार्मिक, साँस्कृतिक क्षेत्रको आवश्यकता अनुसार मर्मतसम्भार तथा संरक्षणमा जोड दिइनेछ ।
3. परम्परागत लोक भाका डेउडा संस्कृतिको संरक्षण गर्दै बझाङ्गी संस्कृतिको प्रचारप्रसार गर्न स्थानीय चाडपर्व मेला, सांस्कृतिक कार्यक्रमहरुलाई प्रवर्द्धन गरिनेछ ।
4. ऐतिहासिक क्षेत्र थलारा राज्यको कोट दरबारमा आउने सुरङ मार्गको उत्खनन् गरी सुरुङ मार्गलाइ पुनः सञ्चालनमा ल्याउनको लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।
5. थलारा गाउँपालिकाबाट खप्तड जाने पदमार्गलाई लक्षित गरी घोडादाउना र आठाबिस क्षेत्रलाई Tourism village को रुपमा रुपान्तरण गर्न home stay संरचनाहरुलाई थप विस्तारको कायलाई निरन्तरता दिइनेछ

## ३. लघु, घरेलु उद्यम तथा रोजगारी

1. हाम्रा परपरागत तथा घरेलु उद्यम निगालोको चोया, बासवाट बनेका विभिन्न सामग्री तथा अन्य परम्परागत सिपको उपयोग गरी व्यसायिक उत्पादनलाई प्राथमिकता दिइने छ ।
2. युवा जनशक्तिलाई आवश्यक सिप विकासका तालिम तथा उद्यमशिलता सम्बन्धी तालिम दिई उद्यमशिल बन्न प्रोत्साहन गरिनेछ।
3. स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित लघु उद्यम प्रवर्द्धनका लागि औद्योगिक क्षेत्र घोषणा गरी पूर्वाधार निर्माण कार्य अघि बढाइनेछ।
4. थलारा गाउँपालिका वडा नं.३ मा स्थापना हुने औद्योगिक ग्रामको निर्माण कार्यका लागि संङ्घीय सरकार तथा प्रदेश सरकारको समन्वयमा अगाडी बढाइनेछ।
5. स्थानीय स्तरमा संचालन हुने विकास आयोजनामा न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित हुने गरी बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई काममा खटाउन प्राथमिकता दिइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत

थलारा गाउँपालिका

अधिकत रोजगारी सिर्जनाका लागि सशर्त अनुदानबाट प्राप्त बजेटका साथै स्थानीय तहबाट थप लागत साझेदारी मार्फत रोजगारमूलक आयोजनाहरु संचालन गरिनेछ।

## ४.सिचाई

**१.** सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई सुविधा विस्तारका लागि सिचाइ नहर, पोखरी, पाइप सिचाई जस्ता सिचाई पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्ने कार्यलाई विशेष प्राथमिकता दिईने छ । साथै पालिकाको बजेट भित्र नसमेटिएका योजनाहरुलाई संघीय तथा प्रदेश सरकारमा सिफारिस गर्दै साझेदारीमूलक विकास नीति अवलम्बन गरिनेछ।

**२.** निर्मित पुराना सिचाई नहरको मर्मत संभार गरी नियमित रुपमा सञ्चालनमा ल्याउन सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवार बनाउने नीति छ ।

## ५. वन वातावरण तथा विपद व्यवस्थापन

1. औपचारिक वन डढेलो व्यवस्थापन नीति: जलवायु परिवर्तनका कारण बढ्दो वन डढेलोको जोखिमलाई मध्यनजर गर्दै, रोकथाम, नियन्त्रण, पुनर्स्थापना र अनुगमनको विस्तृत कार्ययोजना तर्जुमा गर्न आवश्यक छ। यसले पालिकालाई वन डढेलोको पूर्वतयारीमा कानुनी आधार प्रदान गर्नेछ ।
2. प्रभावकारी जैविक विविधता संरक्षण नीति: संविधानको अनुसूची–८ ले स्थानीय तहलाई जैविक विविधता संरक्षणको अधिकार दिएको छ। यस अन्तर्गत, कृषि जैविक विविधता संरक्षणदेखि लिएर स्थानीय वनस्पति तथा वन्यजन्तुको पहिचान र संरक्षणसम्मको स्थानीय नीति बनाउनु आवश्यक छ।
3. दिगो प्राकृतिक स्रोत व्यवस्थापन नीति: जलाधार संरक्षणका लागि, थलारा गाउँपालिका पश्चिम सेती जलाधार क्षेत्रका ७ स्थानीय तहको जलीय तथा जलजैविक विविधता समन्वय परिषद्मा आबद्ध छ। यस संयन्त्रलाई प्रभावकारी बनाउन र जलाधार संरक्षण, माटोको क्षय नियन्त्रण र पानीका स्रोतको दिगो उपयोगका लागि थप ठोस स्थानीय नीति आवश्यक छ।
4. जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजना (LAPA): संविधान तथा राष्ट्रिय नीतिले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि स्थानीय तहलाई स्थानीय अनुकूलन कार्ययोजना (LAPA) बनाउन निर्देशन दिएको छ। थलारा गाउँपालिकाले पनि यस्तो योजना तर्जुमा गरी कृषि, पानी, स्वास्थ्यलगायतका जोखिमयुक्त क्षेत्रहरूमा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
5. स्थानीय हरित अर्थतन्त्र नीति: सुदूरपश्चिम प्रदेशको हरित, जलवायु-उत्थानशील आर्थिक विकासको लक्ष्यसँग तालमेल मिलाउँदै, थलाराले हरित रोजगारी, दिगो कृषि, साना तथा घरेलु उद्योगको प्रवर्द्धन, र जैविक उत्पादनका लागि स्थानीय नीति बनाउन सक्छ। यसले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न र दिगो आयआर्जनका अवसर सिर्जना गर्न मद्दत पुर्याउँछ।

थलारा गाउँपालिका

**6.** हरित पूर्वाधार तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन नीति: स्थानीय विद्युत् तथा नवीकरणीय ऊर्जा प्रविधिको उपयोगलाई प्रोत्साहन गर्न नीति आवश्यक छ। सरकारी भवन तथा विद्यालयहरूलाई हरित ऊर्जामा आधारित बनाउने, सौर्य ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने लगायतका कार्यक्रमहरू नीतिगत रूपमा समेटिनु पर्छ।

**7.** विपद् उत्थानशीलता मूल्याङ्कन: पालिकाको वार्षिक तथा दीर्घकालीन पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, र आयआर्जन परियोजनाहरू विपद् र जलवायु जोखिमको दृष्टिले कत्तिको सुरक्षित छन् भन्ने मूल्याङ्कन गरेर मात्रै कार्यक्रम सञ्चालन गरिनेछ। जसले गर्दा विकास निर्माणलाई नै विपद्-उत्थानशील बनाउन मद्दत गर्नेछ।

**8.** कृषि अनुकूलन कार्यक्रम: कृषमा बहुबाली प्रणाली र मिश्रित खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ जसले गर्दा खडेरो प्रतिरोधी बाली प्रजातिहरूको प्रवर्दन हुनुका साथै खडेरीबाट हुन सक्ने क्षतिमा न्यूनिकरण हुनेछ।

**9.** सामुदायिक वन सुदृढीकरण: सबै सामुदायिक वन उपभोक्ता समूहको पुनर्संरचना र क्षमता अभिवृद्धि, अद्यावधिकवन उपभोक्ता समूहहरूलाई संस्थागत सुदृढीकरण तालिम सञ्चालन गरिनेछ ।

**10.** वन डढेलो नियन्त्रण: वनमा लाग्ने डढेलो नियन्त्रणका लागि प्रत्येक सामुदायिक वनमा अग्निरेखा निर्माण र डढेलो डढेलो सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**11.** वन आधारित उद्यम विकास: वनलाइ सदुपयोग गरि आयआर्जनमा बृद्धि गर्न जडिबुटी सङ्कलन, प्रशोधन र बजारीकरण, निगालो तथा बाँसबाट हस्तकला उद्योग, मह उत्पादन र प्रशोधन, काष्ठ उद्योग प्रबद्धन नीति अबलम्बन गरिनेछ ।

**12.** खोला-नाला संरक्षण: प्रमुख खोलाहरूको किनार संरक्षण (जैविक इन्जिनियरिङ) गरि स्वच्छता अभियान र खोला किनार वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

**13.** जैविक इन्जिनियरिङ: पहिरो प्रभावित क्षेत्रमा बाँस, घाँस, र रूख रोपण भेटिभर (Vetiver) घाँस प्रयोग र सडक किनारमा हरियालीकरण गरि विपद् जन्य घटनाहरुलाइ न्यून हुने गरि कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

**14.** भूकम्प प्रतिरोधी भवन निर्माण र बिमा: नयाँ भवन निर्माणमा भूकम्प प्रतिरोधी डिजाइन अनिवार्य गराउने, भवन नक्सा पासमा भूकम्प प्रतिरोधी मापदण्ड जाँच र पुराना भवनहरूको संरचनागत सुरक्षा मूल्याङ्कन गरि घर बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

**15.** विपदमा पहिलो पंतिमा रहेर काम गर्ने समुदायलाई विपद् व्यवस्थापन प्रति थप जिम्मेवार, सक्षम र सवल वनाउनको लागि स्थानीय स्तरमा आधारभूत खोज उद्धार र प्राथमिक उपचार सम्वन्धी पुर्नताजगी तालिम संञ्चालन गनिनेछ । तालिम पश्चात खोज उद्धार र प्राथमिक उपचारको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

**16.** विपदवाट प्रभावित परिवारको पुननिर्माण र पुनर्स्थापनाको कार्यलाई निरन्तरता दिइनेछ। उक्त कार्यको लागि स्थानीय तहले वेहोर्नु पर्ने लागत साझेदारिको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

**17.** ग्रामीण सडक निर्माण निर्देशिका बमोजिम सडक निर्माण र उन्नतिको काम गरिनेछ । सडक आसपास पहिरो जान नदिन आवश्यकता अनुसार भारवहन पर्खाल, बायो-इन्जिनियरिङ्ग तथा पानी निकासको अनिवार्य व्यवस्था गरेर मात्र कार्यपालिकाले सडक आयोजना स्वीकृत गर्ने, सोहि अनुसार बजेट विनियोजन गर्ने र सबै ग्रामीण सडकमा सोको कार्यान्वयन सुनिश्चित गरिनेछ । साथै सडक आसपास बग्ने पानीको निकास, पहिरो तथा भिरालो जमिन

स्थिरीकरण गर्न बायो-इन्जिनियरिङ्ग तथा अन्य वातावारणमैत्री, प्रकृतीमैत्री प्रविधिको व्यापक उपयोग तथा प्रवद्र्धन गरिनेछ ।

**18.** विपद् पूर्वतयारी तथा प्रतिकार्यमा आधारित भै प्रक्रियागत र वास्तविक घटनलाई आधार बनाई नमूना अभ्यास क्रियाकलाप संचालन गरिनेछ । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वयंसेवक कार्यदल गठन गरिने छ । उक्त कार्यदललाई तालिमको व्यवस्था गरिनेछ ।

**19.** अति उच्च जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा पुनर्स्थापनाका गर्न आवश्यक व्यवस्थापन गरिनेछ । पहिरो जोखिम (वर्ग २) बस्तिको प्राथमिकता तथा प्राविधिक सम्भाव्यताका आधारमा पहिरो जोखिम न्यूनीकरण गर्न विज्ञहरु संलग्न गराई प्राविधिक अध्ययन गर्ने र विस्तृत प्राविधिक प्रतिबेदन तयार गरी उक्त विस्तृत प्राविधिक प्रतिबेदनका आधारमा प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक स्रोत व्यवस्थापनका लागि समन्वय गरिनेछ ।

**20.** मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा स्वचालित जल मापन र खोलामा पानिको सतह मापन गर्ने यन्त्र जडान गरिने छ । यसका साथै स्थानीय भूपरिवेष अनुसारको विपद् पूर्व सुचना प्रणाली जडानका लागि सम्बन्धित मन्त्रालय र निकायहरुसँग समन्वय गरिनेछ ।

**21.** विपद् पोर्टललाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख सुचना संकलन र अद्यावधिकलाई प्राथमिकताको साथ अघि बढाइनेछ ।

**22.** जोखिमको सम्मुखमा रहेका वस्तीलाई अस्थायी स्थानान्तरणका लागि पहिचान भएका खुला तथा सुरक्षित स्थानमा अति आवश्यक पूर्वाधारहरुको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ । विपद्को समयमा प्रयोग गर्न सकिने विद्यालय, सामुदायिक भवन तथा अन्य सार्वजनिक भवनहरुको पहिचान गरी आवश्यक बन्दोबस्ती गरिनेछ ।

**23.** पुर्वाधार विकासको योजना तर्जुमा तथा निर्माण कार्य गर्दा जोखिम न्यूनीकरणको पक्षलाई एकिकृत आवश्यक गरिनेछ। जस्तै कच्ची सडक आसपासको भिरपाखोमा सिमली, अम्रिसो, बाँस जस्ता डाले घाँस र फलफूलका विरुवा रोपण गर्ने। आगलागीको जोखिममा रहेका समुदायमा पानी सञ्चय गर्न पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता साथ अघि बढाइने छ ।

**24.** स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाइ थप सुदि्डिकरण गरी कार्यान्वयनलाइ निरन्तरता दिइनेछ ।

**25.** विपद तथा अन्य आपतकालिन अवस्थामा तत्काल उद्धार लगायतको कार्यको लागि प्रत्येक वडामा हेलिप्याड, बाढी पहिरोको जोखिममा रहेका सेती नदी तथा अन्य खोला किनारका वस्तीहरुलाई सुरक्षित बनाउन तटबन्ध लगायत विपद अल्पीकरणका उपायहरु अपनाइनेछ ।

**26.** विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्तरदायी सामाजिक सुरक्षाको अवधारणा अनुरुप संचालन गर्दै लगिनेछ। सामाजिक सुरक्षा भत्ताको वितरण मनसुन अगावै गर्ने व्यवस्था गरिनेछ ।

**27.** सामुदायिक वनलाई विन्द्रावनको अवधारणा प्रयोग गरी पर्यटन विकासमा जोड दिइनेछ ।

## पूर्वाधार विकास

## **१.भवन, पुल, शहरी विकास, सडक**

**१.** राष्ट्रिय भवन संहिताको परिधिभित्र रही गाउँपालिकाको भवन संहिता निर्माण गरी कुनै पनि नयाँ बन्ने भवन तथा घरहरु नक्सा पास गरेर मात्र निर्माण गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

२. गाउँपालिका भित्रका मुख्य सडक र शाखा सडकहरुको ऐतिहासिक तथा स्थानीय पहिचान झल्किने गरि नामाकरण गरिनेछ।

३. गाउँपालिका भित्र हुने निर्माण कार्यको गुणस्तर नियन्त्रणका लागि सिभिल ल्याबबाट गुणस्तर जाँच गराउने अभ्यास सुरु गरिनेछ ।

**४.** पालिका भित्रका सबै वडाहरुलाई जोड्ने मूख्य सडक संजालहरुलाई मर्मतसंभार तथा स्तरोन्नति गरी बाह्रै महिना संचालनमा ल्याईनेछ ।

**५.** निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्ने तथा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक व्यवस्था मिलाईनेछ।

**६.** पालिका भित्रका खरले छाएका छानोलाई जस्तापाताले विस्थापित गर्ने गरी सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएका लाभग्राहीहरुको सुरक्षित आवास निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

**७.** स्थानीय सडक निर्माणलाई योजनाबद्ध तुल्याइनेछ ।

८. गाउपालिका भित्रका पूर्वाधार तयार गर्दा बालमैत्री, अपाङ्गमैत्री,महिलामैत्री संरचनामा जोड दिइने छ।

**९.** गाउँपालिकालाई योजनावद्ध विकास र समृद्धि प्राप्तिको दिशामा डोऱ्याउन अल्पकालिन, मध्यकालिन र दिर्घकालीन लक्ष्य सहितको योजनाहरु तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोजन गर्ने परम्पराको न्यूनीकरण गर्दै पुर्वाधार विकासमा केही ठुला तथा दिर्घकालिन प्रभाव पार्ने योजनाहरु छनौटमा जोड दिइनेछ।

**१०.** विभिन्न स्थानमा पुल निर्माणको लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

**११.** पालिकाबाट संचालन हुने योजनाहरुमा प्रभावकारिता, गुणस्तरियता तथा पारदर्शिता कायम गर्न आयोजनाहरुको निर्माण पुर्व,, निर्माण अवस्थामा र सम्पन्न अवस्थामा गरी योजनाको सबै चरणमा गरिने अनुगमन प्रणालीको प्रभावकार ीरुपमा कार्यान्वयन गरिने छ ।

**१२.** स्थानिय स्तरमा रहेका दक्ष/अदक्ष जनशक्तिको पहिचान गरि सूचिकृत/नविकरण गर्ने, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गर्ने र स्थानीय जनशक्तिको क्षमता अधिबृद्धि गरि जनसहभागिताको माध्यमबाट स्थानिय पूर्वाधार विकासका योजनाहरुमा स्थानीय श्रोत साधन र सिप परिचालन गरी रोजगारी सृजना गर्ने नीति अवलम्बन गरिनेछ ।

**१३.** सडकमा बायो इन्जिनियरिङ प्रविधिलाई जोड दिई सडकलाई दिगो, वातावरणमैत्री बनाई विपद जोखिम न्युन िकरणमा जोड दिईनेछ ।

१४. रणनैतिक महत्वको रुपमा रहेको झनाना देखि गाडावाँज सम्मको सडक मर्मत संभार तथा स्तरोन्नतिको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

**१५.** सार्वजनिक सडक, पुल पुलेसा, भवन,खानेपानी, नहर तथा अन्य योजनाहरुको मर्मत संभारको लागि मर्मत संभार कोषलाई उपयोगमा ल्याइनेछ ।

१६. गाउँपालिकाबाट गरिने सार्वजनिक खरिद सम्बन्धी कार्यमा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम थप प्रतिस्पर्धी, पारदर्शी,  मितव्ययी र प्रभावकारितामूलक बनाउँदै लगिनेछ ।

१७. टोल विकास संस्थाको गठन गरी सक्रिय तुल्याईनेछ साथै उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न सकिने आयोजनाहरु टोलविकास संस्था मार्फत संचालन गर्न आवश्यक कानुनी तथा संरचनात्मक प्रबन्ध गरिनेछ ।

१८. उत्कृष्ट काम गर्ने टोलविकास संस्था तथा निर्माण व्यवसायीलाई पुरस्कृत तथा काममा ढिलाई कमजोर कार्यसम्पादन गर्नेलाई दण्डित तथा आवश्यक कारवाही गर्ने नीति अवलम्बन गरिनेछ ।

## २. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

**१.** राष्ट्रिय प्रसारण लाईन नपुगेका वडा तथा टोलहरुलाई राष्ट्रिय प्रसारण लाईनको पहुँच भित्र पुऱ्याउन सम्बन्धित निकायसँग आवश्यक पहल, समन्वय सहकार्य  गरिनेछ।

**२.** गाउँपालिका भित्र सम्भाव्य नविकरणीय उर्जाको प्रयोगलाई बढावा दिन संघीय सरकार, प्रदेश सरकार तथा यस क्षेत्रमा क्रियाशिल अन्य संघ संस्थासंग समन्वय गरिने छ ।

३. ऊर्जाको रुपमा प्रयोग हुदै आएका दाउरा तथा ग्याँस सिलिण्डरको प्रयोगलाई निरुत्साहित गरी विद्युतीय इन्डक्सन चुलो लगायतका नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## ३.सूचना तथा सञ्चार प्रविधि

**1.** नागरिकलाई यथा शिघ्र सूचना आदान प्रदान गर्न गाउँपालिकाको वेबसाइट, फेशबुक पेज, ट्वीटर जस्ता सामाजिक सञ्जाललाई नियमित रुपमा अपडेट गरी कार्यालयका गतिविधिहरुलाई नियमित रुपमा सार्वजनिकीकरण गरिने छ। वार्षिक नीति कार्यक्रम, बजेट, गाउँपालिकाबाट पारित कानुन, महत्वपूर्ण सूचनाहरु बेवसाइट, पुस्तक प्रकाशन, पत्रपत्रिका, एफ.एम अन्य विधिबाट सार्वजनिक गरिनेछ। । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरिक्षण र होर्डिङ्ग बोर्ड लगायतका औजारहरु मार्फत नागरिकको सुचनाको हक सुनिश्चितता प्रदान गरिनेछ।

**2.** टेलिफोन नेटवर्क सेवा प्रभावकारी हुन नसकेका बस्तीहरुमा नेपाल टेलिकम लगायतका सम्बन्धित निकायहरुसंगको समन्वयमा थप प्रभावकारी बनाउन पहल गरिने छ ।

**3.** ISP सँग समन्वय गरी गाउँपालिकाका सम्पूर्ण सरकारी कार्यालय र सबै टोलमा Fiber इन्टरनेट सेवा विस्तार गरी सूचना तथा संचार प्रविधिलाई नागरिकको नजिक पुर्याईने छ ।

4. गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाई सुचना तथा सञ्चार प्रविधिमैत्री बनाउन SMS Gate Way, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, विद्युतीय अनुगमन प्रणाली जस्ता प्रविधिको प्रयोगमा जोड दिईनेछ।
5. थलारा गाउँपालिकामा हाल सम्म पनि बिजुली आपूर्ति अनियमित रहेको र टावरहरूको मर्मत नहुँदा यहाँको फोन र इन्टरनेट सेवा अत्यन्त अविश्वसनीय रहेको छ । साथै ISP हरुको उपलब्धता नहुँदा वडा कार्यालय, सामुदायीक विद्यालयहरु, स्वास्थ्य संस्था तथा जनस्तरसम्म इन्टरनेटको पहुँच नभएकोले यसका लागि सम्बन्धित निकायसंग आवस्यक पहल गरि यथासिघ्र कार्य अगाडि वढाइनेछ ।
6. प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्न हरेक विद्यालयहरुमा निम्नतम ICT Lab निर्माण गरिनेछ । सिकाई उपलब्धिको गुणस्तर गर्न कक्षाकोठामा Smart Digital Interactive Board को व्यवस्थालाइ निरन्तरता दिइनेछ । विद्यार्थी तथा शिक्षकलाई तालिम दिने र पाठ्यक्रम–संलग्न शिक्षालाई प्रवर्द्धन गरिनेछ । साथै विद्यालयको अनुगमन कार्यलाइ प्रभावकारी र पारदर्शिताका लागि इ-हाजिरी प्रणाली जडान र CCTV जडान गरिनेछ ।
7. थलारा गाउँपालिकाको प्रारम्भिक डिजिटल साक्षरता तालिमहरू लाई व्यापक बनाएर किसान, महिला स्वयंसेविका, व्यवसायी र बरिष्ठ नागरिकहरूका लागि पनि सामुदायिक स्तरमै तालिम प्रदान गरिनेछ र यस क्षेत्रमा इच्छुक भएका युवाहरुलाइ दक्ष जनश्क्ति उत्पादनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
8. थलारा गाउँपालिकाको विस्तृत डिजिटल प्रोभाइल निर्माण गरी सम्पूर्ण वस्तुगत तथा कार्यालका अभिलेख डिजिटाइजेसन गरि सुरक्षित राखिने व्यवस्था मिलाइनेछ।

## ४. सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

"सुशासन नै सार्वजनिक सेवा प्रवाहको आत्मा
गुणस्तरीय सेवा प्रदान गर्ने जिम्मेवारी अब हाम्रै हातमा"

1. स्थानीय तहबाट प्रदान गरिने सबै किसिमका सेवालाई पहुँचयोग्य, सेवाग्राहीमैत्री, जनउत्तरदायी, पारदर्शी, पूर्वानुमानयोग्य तथा सरलीकृत बनाई सार्वजनिक सेवालाई सुशासनयुक्त तुल्याइनेछ।
2. गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवामा जनउत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण,गुनासो व्यवस्थापन लागायतका सुशासनका औजारहरुको प्रभावकारी प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
3. रिक्त रहेका स्थायी दरबन्दीमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गरी सबै पदहरु पदपूर्ति गरिनेछ।
4. सार्वजनिक सेवा प्रवाहलाई विकेन्दीकरण गर्दै नागरिकको घरदैलोमा पुऱ्याउन वडा स्तरमा घुम्ती शिविरहरु संचालन गरिनेछ।
5. गाउँपालिकामा कार्यरत कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास तालिम, अभिमुखीकरण तथा अन्तर्क्रियात्मक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

थलारा गाउँपालिका

6. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार, दण्ड र करार नवीकरण गर्ने पद्धति अवलम्बन गरिनेछ। सबै कार्यालयमा ई हाजिरीलाई अनिवार्य गरी सोही रेकर्डको आधारमा तलब भत्ता भुक्तानी गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।
7. गाउँका सबै वडामा टोल विकास संस्थाहरु गठन गरी संस्थाको क्षमता विकास तथा वडा र गाउँ स्तरीय संजाल निर्माण गरी स्थानीय स्तरको विकासमा परिचालन गर्दै जनसहभागिता अभिवृद्धि गरिनेछ।
8. वडा भित्रको सार्वजनिक सम्पति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको संरक्षण, सम्बर्द्धन तथा अभिलेखीकरण गर्ने कार्य सम्बन्धित वडा कार्यालयहरुवाट नै गर्ने व्यवस्था गरिनेछ।
9. आर्थिक कार्यविधि सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन तथा आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधार गरिनेछ।
10. यस गाउँपालिकाको हालसम्मको अद्यावधिक बेरुजु गाउँपालिकाको स्थापना काल देखि प्रत्येक बर्ष बढ्दै गइरहेको छ। महालेखा परीक्षकबाट प्राप्त सुझावहरुलाई समेत मध्येनजर गर्दै आर्थिक प्रणालीलाई सुधार गर्दै लगिनेछ। लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरुजु फर्स्योट कार्यविधिलाई यसै अधिवेशन मार्फत जारी गरिनेछ। यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार गठन/पुनर्गठन गरी क्रियाशिल बनाइनेछ। आगामी आ.व.मा बेरुजु फछर्यौट कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। बेरुजु फछर्यौट गर्न बाँकी रहेका उपभोक्ता समितिका मूख्य पदाधिकारीलाई त्यस्तो बेरुजु बाँकी रहे सम्म अर्को उपभोक्ता समितिमा बस्न नमिल्ने व्यवस्था गर्ने तथा गाउँपालिकाबाट हुने जुनसुकै भुक्तानीबाट बेरुजु असुल गर्ने नीति अवलम्बन गर्दै बेरुजु फर्स्योटलाई प्रभावकारी बनाइ बेरुजु विहीन गाउँपालिका बनाउने तर्फ जोड दिइनेछ।
11. गाउँका विभिन्न आयोजना तथा कार्यक्रमको अनुगमन कार्य तथा बजार अनुगमन समेतलाई कार्यतालिका बनाई अझै प्रभावकारी रुपमा संचालन गरिनेछ।
12. गाउँपालिकाद्वारा हाल सम्म जारी ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानुनी दस्तावेजहरू समयानुकुल संशोधन परिमार्जन ग र्नेतर्जुमा हुन बाँकी कानुन निर्माणमा जोड दिएनेछ।
13. अन्तर सम्बन्धित विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तह, जिल्ला समन्वय समिति तथा गैर सरकारी निकायसँग समेत आवश्यक समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ।
14. गाउँपालिकाको कृषि र पशु शाखामा रहेका जनशक्तिलाई अधिकतम समयमा फिल्डमा खटाई सेवा प्रवाहलाई अझ गुणस्तरीय, पहुँचयोग्य, नतिजामूलक र प्रभावकारी बनाई बनाईनेछ।
15. हालसम्म गाउँपालिकाबाट जारी भएका ऐन कार्यविधि निर्देशिका मापदण्ड मार्गदर्शन लगायतका कानूनी दस्तावेजहरुलाई एकीकृत गरी ऐन नियमावली सङ्ग्रह प्रकाशन गरिनेछ।

## ४.२ वित्तीय व्यवस्थापन तथा राजस्व परिचालन नीति

1. राजस्व प्रशासनलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन करदाताहरूको विवरण सङ्कलन गरी विद्युतीय अभिलेख राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

2. पालिका भित्र रहेका सेवाग्राहीहरुको यसै वर्ष भित्र जग्गा अभिलेखिकरण गरी पूर्ण रुपमा राजस्व प्रणालीमा आवद्ध गरिनेछ। साथै सम्पत्ति करको लागि घरको विवरण अभिलेखिकरण कार्यको सुरुवात गरिनेछ।
3. अभिवृद्धिका लागि टोलटोलमा घुम्ति शिविर सञ्चालन तथा करको दायरामा आउन नसकेका कारोबारलाई करको दायरामा ल्याई हालको राजस्व परिचालनको आकारलाई वृद्धि गर्ने लक्ष्य लिई अभियानात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
4. करका दरहरुलाई समयानुकूल र वैज्ञानिक बनाई करको दायरामा नसमेटिएका उद्योग व्यवसाय र कारोवारहरुलाई नियमन गरिनेछ।
5. घरबाटै कर तिर्न मिल्ने प्रणालीको प्रयोगलाई प्रोत्साहन गरी राजश्व प्रणालीलाई सरलीकरण बनाइनेछ।
6. राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षणको व्यवस्था मार्फत सूचना संकलनको प्रभावकारी संयन्त्र स्थापना गरी परिचालन गरिनेछ।
7. पालिका भित्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था लगायत अन्य संस्थाहरुको संस्थागत सामाजिक उत्तरदायित्वको उपयोग गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले थलारा गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, कृषि, पूर्वाधार, वातावरणीय तथा सुशासनका क्षेत्रमा सकारात्मक परिवर्तन ल्याई समग्र विकासको आधार तयार गर्ने विश्वास लिएको छ। यस नीति तथा कार्यक्रम मार्फत गाउँपालिकाका नागरिकहरूको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, सार्वजनिक सेवाप्रवाहलाई थप प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउने, स्थानीय स्रोत–साधनको अधिकतम उपयोग गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्ने अपेक्षा गरिएको छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, बुद्धिजीवी वर्ग, विकास साझेदार संस्था, सञ्चारकर्मी, निजी क्षेत्र, सहकारी संस्था तथा सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरुको उल्लेखनीय सहयोग रहनेछ भन्ने विश्वास लिएको छ।

थलारा गाउँपालिका

अन्त्यमा,

नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने गाउँपालिका उपाध्यक्षज्यू, सम्पूर्ण वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू तथा विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नीति तथा कार्यक्रमको

तयारी, समन्वय, व्यवस्थापन तथा दस्तावेजीकरण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखा प्रमुखहरू, वडा सचिवहरू, प्राविधिक तथा प्रशासनिक कर्मचारीहरू लगायत सम्पूर्ण गाउँपालिका परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै समृद्ध, सुशासित, समावेशी र आत्मनिर्भर थलारा गाउँपालिका निर्माणको साझा अभियानमा आगामी दिनहरूमा समेत यहाँहरूको निरन्तर सहयोग, सहकार्य र मार्गदर्शन प्राप्त भइरहने विश्वासका साथ समस्त गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु। धन्यवाद।

थलारा गाउँपालिका